**मध्यपुर थिमि नगरपालिका**
**स्थानीय राजपत्र**
**मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित**
**बर्ष ६ मध्यपुर थिमि भक्तपुर फागुण ११, २०७९**
**भाग १**
**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**
**संवत् २०७९ सालको ऐन नं. ८**

**बस्ती विकास तथा जग्गा एकिकरण ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक-२०७९**

बस्ती विकास तथा जग्गा एकिकरण ऐन, २०७७ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, नगरसभाले यो ऐन बनाएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " बस्ती विकास तथा जग्गा एकिकरण (पहिलो संशोधन) ऐन, २०७९ रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छः-
"(३)" यस दफा अनुसार कुनै कारणबाट आयोजना प्रमुखको पद रिक्त रहेको अवस्थामा नगरपालिकाले नगरपालिकाको वरिष्ठ ईन्जिनियरलाई बढीमा ३ महिनाको लागि निमित्त/थप कामकाज दिई कामकाज गर्न तोक्न सक्नेछ ।"

३. **मूल ऐनको दफा ३२ मा संशोधनः** मूल ऐनको दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः-

"३२. **दण्ड सजायः** (१) दफा २० को उपदफा (१) बमोजिम स्वीकृति नलिई निजी तथा सामुदायिक संस्थाले बस्ती विकासको कार्य गरेमा प्रमुखले त्यस्तो कार्य संस्थालाई पच्चीस हजारदेखि पच्चीस लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । साथै त्यस्तो कार्यमा प्रयोग भएका मेसिनरी औजार समेत नियन्त्रणमा लिई त्यस्तो जग्गा रोक्का राख्न सक्नेछ ।

(२) यस ऐन र अन्तर्गत बनेका नियमावली, कार्यविधि वा मापदण्ड प्रतिकूल कार्य गर्ने वा बाधा अवरोध पुर्‍याउने व्यक्ति, संस्था वा निकायलाई नगर प्रमुखले एक लाख रुपैयाँसम्म जरिवाना गर्न र निजलाई नगरपालिकाबाट प्रदान गरिएको सेवा सुविधा रोक्का समेत गर्न सक्नेछ ।"

आज्ञाले
विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति २०७९।११।११

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३